मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २२८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १ गते बिहीवार (Thursday, July 16. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

लोकसेवा आयोगको दृढ अठोट- स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## जन्मदिनमा प्रयोगशाला खरिदका लागि सहयोग



**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, असार ३१।** मानिसको जन्मदिन हरेक बर्ष आउँछ, कसैले आफ्नो जन्मदिन ठूला-ठूला तारे होटलमा भोज गरेर मनाउँछन् त कसैले सामाजिक कार्य गरेर ।

यस्तै सामाजिक कार्य गरेर आफ्नो जन्मदिन मनाएकी छिन् -झापा बिर्तामोड -१ की शिला ढकालले । सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघसंस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरबाट झापाको कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा स्थापना हुन लागेको कोरोना भाइरस परीक्षण गर्ने प्रयोगशालाका लागि रकम प्रदान गरेर ढकालले आफ्नो जन्मदिन मनाएकी हुन् ।

उनले बिर्तामोड -१ स्थित निवासमा अभियानका सहसंयोजक विनोद बस्नेत , सदस्यहरु अर्जुन चुडाल, एकराज गिरीलाई ५० हजार एक सय एक रुपैयाँ हस्तान्तरण गरेकी थिइन् ।

पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि भन्दै श्रीमान् मोहन ढकाल, छोरा-बुहारीहरु मनस्वी र चेतना ढकाल लगायतको सहभागितामा 'एकका लागि एक' अभियानका अभियन्ताहरुलाई उनले घरमै बोलाएर रकम प्रदान गरेकी थिइन् ।

वीरता लेडी जेसीजकी आजीवन सदस्य, महिला मुक्ति अभियान झापाकी उपाध्यक्ष , चेम्वर अफ कमर्श झापाकी सदस्यसमेत रहेकी ढकालले सेवा नै धर्म हो भन्ने भावलाई आत्मसात गर्दै 'एकका लागि एक' अभियानको अगुवाईमा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न मुलुकमै पहिलोपटक जनस्तरबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

# कोरोनाभन्दा करको डर

**२०० को टोकनमा दुई हजारको लाइन, यातायात खुलेको ६० दिनसम्म कर तिर्न पाइने**





**बिर्तामोड, असार ३१।** कोरोना भाइरस कोभिड -१९ को बढ्दो संक्रमणका कारण अझै पनि मुलुक बन्दाबन्दीमा छ । कोरोना भाइरसको संक्रमणबाट बच्न विभिन्न उपायहरु अपनाउन सरकारले आग्रहसमेत गरिरहेको छ । त्यसै मध्येको एउटा उपाय हो साामाजिक दूरी पनि । तर, सरकारको कर तिर्ने करका कारण झापामा सर्वसाधारणले सामाजिक दूरीको पालना गर्न पाएनन् ।

गत आइतबारबाट सरकारले सबै किसिमका सवारीसाधनको नबीकरण शुल्क तिर्न भन्दै निर्देशन जारी गरेपछि यातायात व्यवस्था कार्यालयमा सवारी कर तिर्न भेला भएका सर्वसाधारणको भीड बुधवार थामी नसक्नु देखियो । कर तिर्न यातायात कार्यालय परिसरमा दैनिक हजारौं सर्वसाधारणको भीड लाग्ने गरेपनि बुधवार यो आर्थिक वर्षको अन्तिम दिन भएकाले कर तिर्न आउनेको भीड अत्यधिक थियो ।

तर, स्वास्थ्य सुरक्षाका उपाय नअपनाईंदा कोरोना भाइरसको जोखिम उत्तिकै बढेको स्थानीयले बताउँदै आएका छन् । बुधवार यातायात व्यवस्था कार्यालयमा झण्डै दुई हजारको हाराहारीमा सर्वसाधारण जम्मा भएका थिए । विहान ५ बजेदेखि नै आफूहरु कर तिर्न लाइनमा बसेको हल्दिवारी गाउँपालिका -५ कि गीतादेवी दाहालले बताइन् । उनले भनिन् - आज यो वर्षको कर तिर्ने अन्तिम दिन हो, त्यही भएर बिहानैदेखि यहाँ आएर लाइनमा बसेकी हुँ तर, पालो आएन अब कर नतिरी फर्कन्छु ।

कार्यालयले बुधवार दुई सय जनाको मात्रै कर तिर्नका लागि टोकन वितरण गरेपछि यातायात व्यवस्था कार्यालयमा केही बेर स्थिति तनावपूर्ण रह्यो । विहान ८/९ बजे आएको एक समूह कार्यालयको गेट तोड्दै भित्र पसेपछि बिहानैबाट लाइनमा बसेकाहरु आक्रोशित बने । जसका कारण कार्यालयमा बिहान केहीबेर स्थिति तनावपूर्ण बन्यो ।

आफू बिहान ४ बजेबाट नै कर तिर्न लाइनमा बसेको बताउँदै बिर्तामोडका रोशन शिवाकोटी भन्छन् - ११ बजेसम्म लाइनमा बसैं, टोकन लिने बेलामा १७१ नम्वर पऱ्यो । जव कि म शुरुमा लाइनमा वस्ता २१ नम्वरमा मेरो पालो आउँथ्यो । बिहान आएको हुलले पालो मिच्दा समस्या भएको हो, अहिले पनि लाइन बसेर कर तिर्न सक्ने अवस्था छैन ।

कर तिर्न यातायात कार्यालय आएका केही सेवाग्राहीले त अझ मास्कसमेत लगाएका थिएनन् । जसका कारण कर्मचारी र सेवाग्राही दुवै संक्रमणको जोखिममा छन् । सामाजिक दूरी समेत ख्याल नगर्दा कोरोना संक्रमणले महामारीको रुप लिने जोखिम बढेको देख्न सकिन्छ ।

कतिपय सर्वसाधारणले जोखिम बढाउन सरकारी संयन्त्रले नै भूमिका खेलेको भन्दै आक्रोश पोखेका छन् । कर तिर्न बाध्य पार्ने तर स्वास्थ्य सुरक्षाको प्रवन्ध नमिलाउने सरकारको लापरवाहीले त्रास बढेको बाह्रदशी गाउँपालिका - ५ का लक्ष्मी पाण्डे बताउँछन् । उनी भन्छन् - सरकारले सामाजिक दूरी कायम गर भन्छ तर त्यो भन्ने कुरा मात्रै हो । यही हो सामाजिक दूरी कायम गरेको प्रतिप्रश्न गर्दै उनी भन्छन् - सरकारको नीति नै गलत छ, सरकारले सिस्टम बनाउनु पर्दैन ? अनि जनतालाई चाँहि प्रहरी लगाएर लाठी चार्ज गर्नु, एकातिर कर तिर भन्नु अनि कर तिर्न आउँदा पनि लाठी चार्ज गर्नु यो सरकारको कस्तो नियत हो ?

*(बाँकी अन्तिम पृष्ठमा)*

# आजबाट अनलाइन कक्षा बन्द

**झापा, असार ३१।** कोरोना भाइरसको जोखिम बढेसँगै देशभरका विद्यालयमा भएको बन्द अहिले पनि जारी छ । सामुदायिक विद्यालयलाई क्वारेन्टाइन बनाइएको र निजी विद्यालयले अनलाईन कक्षा सञ्चालन गरिरहेपनि अब आज विहीवारबाट देश भरका निजी विद्यालयले अनलाईन कक्षा पठनपाठन नगराउने भएका छन् ।

विद्यालय सञ्चालन गर्न आर्थिक र व्यवसायिक संकट परेको कारण साउन १ गतेदेखि शिक्षण सिकाई क्रियाकलाप स्थगन गरिएको प्याब्सन, एनप्याब्सनले जारी गरेको संयुक्त विज्ञप्तिमा उल्लेख छ ।

सरकारसँग असन्तुष्ट निजी विद्यालय सञ्चालकहरुले अनलाइन कक्षा बन्द गर्ने निर्णय गरेका हुन् । प्याब्सन, एनप्याब्सनले बिहीबारदेखि देशभर अनलाइन र दूरशिक्षाको पठनपाठन रोक्ने जनाएका हुन् ।

उनीहरुले शिक्षक, कर्मचारीलाई समेत बेतलबी घर बिदामा राख्ने निर्णयसमेत गरेका छन् । सरकारले घोषणा गरेसँगै निजी विद्यालयहरुले पनि अनलाइन, रेडियो र टेलिभिजनका माध्यमबाट असार १ गतेदेखि वैकिल्पक कक्षा सञ्चालन गर्दै आएका थिए ।

विद्यार्थी भर्ना गरेर वैकल्पिक कक्षाको न्यूनतम् शुल्क लिन पाउनुपर्ने माग उनीहरुको थियो । शिक्षा मन्त्रालयले आफ्ना मागहरुलाई बेवास्ता गरेका कारण विद्यालय बन्द गर्ने निर्णय गर्नुपरेको पदाधिकारीहरुले बताएका छन् ।

सरकारले भौतिक उपस्थितिमा नै विद्यालय र पठनपाठन सुचारु गर्ने निर्णय गरेपछि मात्रै कक्षा



सञ्चालन गरिने प्याब्सन, एनप्याब्सनले प्रष्ट पारेका छन् । साथै विद्यालय खुलेपछि मात्रै २०७७ बैशाखदेखि असारसम्मको तलब सुविधा शिक्षक कर्मचारीलाई प्रदान गरिने विज्ञप्तिमा उल्लेख छ । चैत ५ गतेदेखि विद्यालय बन्द भएका कारण अधिकांश निजी विद्यालयले शिक्षक कर्मचारीलाई तलब दिएका छैनन् ।

असार २२ गते पनि निजी विद्यालय सञ्चालकले भर्चुअल कक्षा बन्द गराउने चेतावनी दिएका थिए । शिक्षा मन्त्रालयमा भएको छलफलमा शिक्षामन्त्री गिरिराजमणि पोखरेलले केही दिन समय मागेपछि विद्यालय बन्दको निर्णय स्थगित गरिएको थियो । शिक्षक कर्मचारी तलबभत्ता, घरभाडा, बैंकको किस्ता तथा व्याज, बिमा, टेलिफोन, बिजुली र इन्टरेनट आदिको लागि वैकिल्पक कक्षाको शुल्क उठाउन पाउनुपर्ने सुनिश्चितता हुनुपर्ने उनीहरुको माग थियो ।

असार १४ गते उनीहरुले शिक्षामन्त्रीलाई ज्ञापनपत्र बुझाएर आफ्ना मागहरु राखेका थिए । सरकारले कुनै पनि राहत र सहुलियत नदिएका कारण शुल्क लिन पाउनुपर्ने उनीहरुको तर्क छ । प्याब्सन अध्यक्ष टीकाराम पुरी र एनप्याब्सन अध्यक्ष ऋतुराज सापकोटाद्वारा हस्ताक्षरित विज्ञप्तिमा शिक्षामन्त्री पोखरेलले निजी विद्यालयको मागलाई बेवास्ता गरेको उल्लेख छ। असार मसान्तसम्म प्रतिक्षा गर्दा पनि सरकारले कुनै निर्णय नगरेकाले विद्यालय बन्द गर्न बाध्य भएको पुरीले बताए ।

स्रोतका अनुसार शिक्षा मन्त्रालयले निजी विद्यालयलाई सहुलियत दिने वा शुल्क उठाउन पाउने व्यवस्था गर्ने प्रस्ताव कोरोना रोकथाम उच्चस्तरीय समिति (सीसीएमसी) मा लगेको छ । त्यसमा कम जोखिममा रहेका स्थानमा सावधानी अपनाएर सामुदायिक विद्यालयसमेत खोल्न सकिने प्रस्ताव छ । तर, सीसीएमसीले कुनै निर्णय नगरी उक्त प्रस्ताव मन्त्रिपरिषद्मा लैजान सुझाव दिएको छ ।

साउन १ गतेदेखि निजी विद्यालयले कक्षा बन्द गरे पनि शिक्षा मन्त्रालयले सञ्चालन गरेको रेडियो, टेलिभिजन कक्षा भने सुचारु रहने जनाइएको छ ।

अहिले देश भरका सुगम र इन्टरनेटको पहुँच भित्रका विद्यार्थीले अनलाइन शिक्षा लिँदै आएका थिए भने सरकारले समेत रेडियो र टेलिभिजनबाट ग्रामीण क्षेत्रका विद्यार्थीलाई लक्षित गर्दै कक्षा सञ्चालन गरेको छ ।

## तलबबृद्धिको माग गर्दै गाउँपालिकामा ताला

**बिर्तामोड, असार ३१।** बाह्रदशी गाउँपालिकामा कार्यरत बाल बिकास शिक्षक र कर्मचारीहरुले राज्यले तोकेको न्यूनतम पारिश्रमिकसमेत नपाएको भन्दै बुधवार गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

नेपाल शिक्षक महासंघ बाह्रदशीको नेतृत्वमा बाह्रदशी गाउँपालिकाको कार्यालयमा पुगेको टोलीले गाउँपालिकाको मूल गेटमा तालावन्दी गरेको हो । बाह्रदशी गाउँपालिकामा ३८ जना बाल बिकासका शिक्षक र २० जना विद्यालय कर्मचारी छन् ।

आफूहरुलाई राज्यले तोकेको न्यूनतम् सुविधासमेत गाउँपालिकाले उपलब्ध नगराएको भन्दै गाउँपालिकामा तालावन्दी गरेको नेपाल शिक्षक महासंघ बाह्रदशीका



अध्यक्ष कमल चम्लागाँईले जानकारी दिए ।

राज्यले तोकेको न्यूनतम् पारिश्रमिक कायम गरिनु पर्ने, मानवअधिकारको सुरक्षा गरिनु पर्ने, स्थानीय सरकारको प्रत्याभूति दिलाउनु पर्ने लगायतका माग सहितका प्ले कार्ड बोकेर कार्यालयको मूल गेटमा धर्ना बसेका थिए ।

यसैबीच गाउँपालिकाले बाल बिकास शिक्षक र कर्मचारीको माग सम्वोधनका लागि दश सदस्यीय बार्ता समिति गठन गरेको छ। साउन २ गते बार्ता बस्ने गरी समिति गठन भएपछि कार्यालयमा लगाएको ताला दुई घण्टा पछि खुलेको थियो ।

समितिमा शिक्षक महासंघ वाह्रदशीका अध्यक्ष चम्लागाँई सहित वाह्रदशी गाउँपालिका -२ का वडाध्यक्ष यादव मिश्र, -३ का वीरेन्द्रप्रसाद राजवंशी, ५ का भूपेन्द्र कटुवाल र ६ का वडाध्यक्ष रत्नप्रकाश योङ्हाङ लगायत रहेका छन् ।

## पहिरोले नौ घर बगायो, ११ सम्पर्कविहीनको खोजी जारी

**संखुवासभा, असार ३१।** संखुवासभाको उत्तरी क्षेत्रमा रहेको सिलिचोङ गाउँपालिका-१ को बेसिन्दागाउँमा लगातार परेको वर्षाका कारण तीन दिनअघि नौ घर पहिरोले बगाएर हराइरहेका ११ जनाको खोजी कार्य जारी छ । खोजी कार्यमा संलग्न मदन राईको हृदयाघातका कारण मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाले जनाएको छ ।

गृह मन्त्रालयको हेलिकोप्टरको सहायतामा प्रदेश नं. १ सरकारले पहिरोको चपेटामा परेका बेसिन्दागाउँका ८२ घरका तीन सय ४९ जनालाई कम्बल, टेन्ट, म्याट्रेस, खाद्यान्नका सामग्री दाल, चामल, तेल, नुन लगायतका सामग्रीहरु पहिलोपल्ट उपलब्ध गराएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद आचार्यले

*(बाँकी अन्तिम पृष्ठमा)*

**अर्जुनधारा जलेश्वर धामको सूचना**

विश्वमा हाल महामारीको रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (कोभिड-१९)को संक्रमणबाट हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै श्रावणी पर्वको सन्दर्भमा विगत वर्षहरुमा यस अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समितिले विविध धार्मिक गतिविधिसहित सञ्चालन गरी मनाउँदै आएकोमा यस वर्ष भक्तजनहरुको सुरक्षालाई ध्यानमा राखी विहान र साँझको नित्य पूजाबाहेक अन्य गतिविधि स्थगित गरिएको यसै सूचनामार्फत् सबैमा जानकारी गराउँदछौं ।

**अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समिति**
अर्जुनधारा नगरपालिका-७, झापा (०२३-४६५२५५)

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# आज साउने संक्रान्ति

**झापा,असार ३१।** लुतो फाल्ने पर्व साउने सङ्क्रान्ति बिहीबार (आज) मनाइँदैछ ।

सौर्यमान् अनुसार सूर्य दक्षिणतर्फ सरी कर्कट रेखामाथि जाने भएकाले यसदिनलाई कर्कट सङ्क्रान्ति पनि भनिन्छ । कृषिप्रधान देशमा मानो रोपेर मुरी उब्जाउने प्रचलित कथनअनुसार असार महिनाभर गरिएको खेतीपातीका कारण थाकेका किसान हिलोमैलो पखाली घरपरिवार र आफन्तका साथ रमाइलो गरी यस दिन भोज खाने गर्छन् ।

यसैदिन साँझ लुतो, दाद आदि चर्मादि रोगबाट मुक्ति पाउन लुतो फाल्ने चलन रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्राडा.रामचन्द्र गौतमले जानकारी दिए । असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण फैलिन सक्ने चर्मादि रोगबाट जोगिन लुतो फाल्ने प्रचलनस्वरुप यो पर्व मनाउन थालिएको हो ।

प्राचीन प्रचलनअनुसार कागभलायो, कुकुरडाइनो, लुतेझार, पानीसरो आदि औषधीय बनस्पतिका साथै कागती, निबुवा, अम्बा, अनार, नासपाती आदि फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फ्याँक्ने गरिन्छ । लुतो फ्याँक्दा नाङ्लो ठटाउने, शङ्ख फुक्ने, घण्ट बजाउने, ढिकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन छ ।

पछिल्ला समयमा लुतो फ्याँक्ने प्रचलन हराउँदै गए पनि केही धार्मिकस्थलमा सामाजिक रुपमै लुतो फ्याक्ने संस्कृति मनाउने गरिएको छ । महिलाहरु साउने सङ्क्रान्तिका दिनदेखि एक महिना सौभाग्यको प्रतीक हरियो चुरा र मेहन्दी लगाउनाका साथै शिवलाई प्रसन्न पार्न सोमबारे व्रत बस्छन् ।

देवी पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेकाले सोमबारको व्रतको महत्व छ । साउन महिना जताततै हरियाली हुने भएका कारण पनि हरिया चुरासहित श्रृङ्गारका समान पहिरिनु प्रकृतिसम्मत प्रचलन हुनसक्ने अध्यक्ष गौतमको भनाइ छ । साउन महिना भगवान शिवको महिना भएकोले यो महिनाभर शिवालयहरुमा दर्शनार्थीहरुको अत्यधिक भीड लाग्छ ।

# 'खलनायक २' छायांकनको तयारी



निर्माता रोज राणाले चलचित्र 'खलनायक २'का छायांकनको तयारी थालेका छन् । उनले, भदौबाट चलचित्रको छायांकन शुरू गर्ने बताए ।

रोजले भने-'हामीले संझौता गरेका कलाकार र प्राविधिकहरूले काम छाड्छौं भन्न थालिसकेका छन् । अब, काम शुरू गर्नुपर्छ । भदौसम्ममा सरकारले पनि मापदण्ड बनाएर छायांकनको अनुमति दिन्छ भन्ने विश्वास छ ।'

'खलनायक २'को खलपात्रमा निर्माता रोज राणाले आफैं अभिनय गर्दैछन् । चलचित्रका लागि एक नयाँ र एक पुराना नायक लिने उनले बताए । कलाकार लगभग पक्का भएको भन्दै रोजले केही दिनमै सार्वजनिक गर्ने सुनाए ।

'खलनायक २'को निर्देशन निर्देशक गोविन्द सिंह भण्डारीले गर्दैछन् । चलचित्रको सम्पूर्ण तयारी सकेर बसेपनि काम शुरू गर्न नसकिएको रोजले बताए । रोजका अनुसार 'खलनायक'मा नायक राजेश हमालले निर्वाह गरेको भूमिकाका लागि भने कलाकार तय गरिएको छैन ।

सुस्मिता हत्या प्रकरणः

# अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश

**हेटौँडा, असार ३१।** जिल्ला अदालत मकवानपुरले हेटौँडा उपमहानगरपालिका-४ कर्रा बस्ने सुस्मिता केसी थापाको हत्या अभियोगमा पक्राउ परेका एकै परिवारका चार जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ ।

जिल्ला न्यायाधीश सीता शर्मा अधिकारीको एकल इजालशले बुधबारको थुनछेक बहसपछि आफ्नै बुहारी सुस्मिता केसी थापाको हत्या गरेको अभियोगमा उनको आफ्नै सुसरा प्रकाश थापा, सासू तुलसाकुमारी थापा, नन्द सीता थापा र आमाजू दुर्गा थापा कार्कीलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो ।

यही असार २ गते आफ्नै घरमा मृत अवस्थामा फेलापरेकी सुस्मिताको हत्यामा परिवारका ससुरा, सासू, नन्द, आमाजू र ज्वाइँको संलग्नता रहेको भन्दै प्रहरीले उनीहरुलाई पक्राउ गरेको थियो । हत्यामा संलग्न रहेका आमाजू दर्गा थापा कार्कीको पति अरुण कार्की (ज्वाइँ) फरार रहेकाले उनको नाममा पक्राउपुर्जी जारी गरेको जिल्ला अदालत मकवानपुरका श्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिए ।

पुर्पक्षका लागि थुनामा राख्ने आदेशपछि ससुरा प्रकाशलाई भीमफेदी कारागार तथा सासू तुलसा, नन्द सीता र आमाजू दुर्गालाई चितवनस्थित कारागारमा राखिने अदालतले जनाएको छ ।

मृतक सुस्मिता थापाको माइती पक्षले आफ्नो छोरीकै घरपरिवारले नै हत्या गरेको हो भनी जिल्ला प्रहरी कार्यालय मकवानपुरमा किटानी जाहेरी दर्ता गराएपछि प्रहरीले अभियुक्तहरूलाई पक्राउ गरी असार १५ गते सार्वजनिक गरेको थियो ।

आफ्नै बुहारी सुस्मितालाई मृतक छोरोका तर्फबाट आउने बीमाबापतको रकम पाउने भएका कारण ससुरा-सासूलगायतका नातेदारले उक्त रकम आफैँले खर्च गर्न पाउने उद्देश्यले बुहारीको नियोजित रुपमा हत्या गरेको जिल्ला अदालतमा दिएको बयानमा उनीहरुले स्वीकार गरेको बताइएको छ ।

# लागूऔषधसहित दुई जना पक्राउ

**मोरङ, असार ३१।** बिराटनगरका दुई स्थानबाट लागूऔषधसहित दुई जना पक्राउ परेका छन् ।

लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-९ का १८ बर्षीय मो. सावाजलाई लागूऔषध डाईलक्स डीसी २६ बोतलसहित पक्राउ गरेको हो । त्यस्तै बिराटनगर -१५ का २३ बर्षीय सचिनकुमार साहलाई डाईलक्स डीसी ६ बोतल र नाईट्राभेट ३० चक्कीसहित पक्राउ परेका छन् । पक्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको छ ।

# खोलाले बगाएर एकको मृत्यु

**मोरङ, असार ३१।** मोरङको रतुवामाई नगरपालिका-३ चौकीघाटबाट रतुवा खोला तर्ने क्रममा बेपत्ता भएका रतुवामाई -७ का २४ बर्षीय अरुण ऋषिदेव मृत फेला परेका छन् ।

गत सोमवार दिउँसो सवा ३ बजेको समयमा खोला तर्ने क्रममा अचानक बगाएर बेपत्ता भएका ऋषिदेवलाई इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोली र स्थानीयवासीको सहयोगमा खोजतलास गर्ने क्रममा बुधवार दिउँसो ३ बजे बगाएको स्थान भन्दा करिव ३ किलोमिटर तल सोही खोलाको किनारामा कम्मर भन्दा मुनि बालुवामा पुरिएको अवस्थामा मृत फेला पारेको इलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ ।

# रेबिजविरुद्धको खोप लगाउने बढे

**काठमाडौँ, असार ३१।** शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकूमा दैनिक झण्डै डेढ सय जना रेबिजविरुद्धको खोप लगाउन आइरहेका छन् ।

बन्दाबन्दी खुकुलो भएसँगै अस्पतालमा सामान्यावस्थामा जत्तिकै सङ्ख्यामा बिरामी आइरहेको अस्पतालले जनाएको छ । सामान्यावस्थामा दैनिक डेढ सयदेखि दुई सयसम्म बिरामी उपचारका लागि आउने गरेको अस्पतालका निर्देशक डा. सागर राजभण्डारीले बताए ।

बन्दाबन्दीको शुरुआती दिनमा यो सङ्ख्या दैनिक झण्डै एक सय थियो । उनका अनुसार अहिले काठमाडौँ उपत्यका मात्रै नभएर बाहिरका टाढाटाढाका जिल्लाबाट समेत बिरामी आइरहेका छन् । उनले भने -निजी सवारीसाधन चल्न थालेकाले धेरैलाई आउन सजिलो भएको छ ।

कोभिड-१९ को उपचारका लागि तोकिएको अस्पतालले अहिले अधिकांश रोगको उपचार अरू अस्पतालमा सारेको छ । प्राविधिक रूपमा कठिन हुने भएकाले रेबिजविरुद्धको उपचार भने अन्यत्र सार्न नसकिएको अस्पतालले जनाएको छ । अस्पतालको एउटा कुनाबाट खोप सेवा सञ्चालन भइरहेको निर्देशक डा. राजभण्डारीले बताए । उनले भने-कतिपय समस्याको उपचार यही अस्पतालमा मात्रै हुने भएकाले बिरामी टाढाटाढाबाट समेत आइरहेका छन् ।

अस्पतालमा कोभिड-१९ को परीक्षण भइरहेको छ । दैनिक सात सयदेखि एक हजार तीन सय जनासम्म परीक्षणका लागि आइरहेका छन् । अस्पतालले भने आवश्यक भए/नभएको हेरेर मात्रै परीक्षण गर्दै आएको छ । अस्पतालमा पीसीआर परीक्षणका लागि आएकामध्ये २० देखि २५ प्रतिशतको मात्रै परीक्षण भइरहेको छ । अस्पतालले कोभिड-१९ सङ्क्रमितको उपचारका लागि आवश्यक शैचया पनि बढाइएको जनाइएको छ ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


## पहिरोले ...

जानकारी दिए ।

आचार्यका अनुसार तीन दिनअघि गएको पहिरोमा बेपत्ता भएका ११ जनाको खोजीका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीसहित स्थानीय सरकार र स्थानीय बासिन्दाको सक्रियतामा खोजी कार्य जारी राखिएको छ ।

पहिरो गएको स्थल निरीक्षणका लागि प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राई एक दिनअघि त्यसतर्फ गएकोमा खराब मौसमका कारण संखुवासभाको तुम्लिङटार विमानस्थल उत्रिएर स्थानीय प्रशासन, राजनीतिक दल र सरोकार पक्षहरुसँग भेटघाटका साथ पहिरो र त्यसले पुऱ्याएको क्षतिका बारेमा बुझी सबैलाई एकसाथ जुट्न आग्रह गरेर फर्किएका थिए ।

त्यसैगरी पहिरोको निरीक्षण गर्न संघीय सांसद राजेन्द्रप्रसाद गौतम, पूर्वस्वास्थ्य राज्यमन्त्री तारामान गुरुङ लगायतको टोली पुगेको थियो । त्यसैगरी पूर्व खानेपानी राज्यमन्त्री दीपक खड्काले पहिरो गएको स्थलमा आफ्नो निजी खर्चमा हेलिकोप्टरबाट खानेपानी लगायत दैनिक आपूर्तिका लागि पोली पाइप, त्रिपाल, टेन्ट, म्याट लगायत पाँच सय किलोभन्दा बढी खाद्यान्नसहितका सामग्री उपलब्ध गराउँदै पहिरोपीडितका लागि जतिसक्दो चाँडो राहत उपलब्ध गराउन नेपाल सरकारलाई आग्रह गरेको नेपाली कांग्रेसका जिल्ला सभापति दिपनकुमार श्रेष्ठले जानकारी दिए ।

## कोरोनाभन्दा ...

यसैबीच पूर्व तयारी बिना सूचना निकालिएकाले भीड थाम्न नसकिएको यातायात व्यवस्था कार्यालय मेचीका प्रमुख कृष्ण पौडेलले बताएका छन् । उनी भन्छन् - सामाजिक दूरी कायम गराउन हामीले सकैनौं सबैलाई यो अवधिमा कर तिर्नु पर्ने छ, जसका कारण समस्या भएको हो । लामो समयसम्म लकडाउन भएर कार्यालय बन्द हुँदा समस्या भएको उनको भनाइ छ ।

सरकारले एकातिर संक्रमण रोकथाम भन्दै लकडाउन गर्ने र अर्कातिर भीड जम्मा गरेर सामाजिक दूरीसमेत पालना गराउन नसक्नुले कोरोना संक्रमणको जोखिम बढेको प्रष्ट देख्न सकिन्छ । सरकारले कर तिर्न निर्देशन गरेपछि सर्वसाधारण कोरोनाको भन्दा करको डरले महामारीको यो अवस्थामा समेत बिहानै बाट यातायात कार्यालयमा भेला भएका थिए ।

यसैबीच यातायात व्यस्था निर्देशनालय यातायात व्यवस्था कार्यालय झापाले एक सूचना जारी गर्दै प्रदेश आर्थिक ऐन २०७७ को दफा १२ मा भएको व्यवस्था अनुसार यातायात सम्वन्धि सेवामा लकडाउन अवधिमा बुझाउन नसकेको कारणले लाग्ने थप दस्तुर जरिवाना तथा थप जरिवाना सार्वजनिक सडक यातायात खुलेको मितिले ६० दिनभित्र बुझाएमा मिनाह हुने जनाएको छ ।

## जन्मदिनमा ...

झापाको कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्ने कार्य प्रशंसनीय भएकाले जन्मदिनको अवसरमा आफूले रकम प्रदान गरेको बताइन् ।

कसैले पनि कोरोना भाइरस संक्रमणको पीसीआर परीक्षण नै गर्न नपाई मृत्युवरण गर्नु नपरोस् भन्ने उद्देश्यले पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्न आफूले सहयोग गरेको बताउँदै ढकालले यस पुण्यकार्यमा सहयोग गर्न सबैलाई आग्रह गरिन् ।

त्यस्तै उनका श्रीमान् मोहन ढकालले जन्मदिनको नाममा गरिने फजुल खर्चले सामाजिक कार्य गर्नु प्रशंसनीय भएको बताउँदै पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्न सबैले सहयोग गर्नुपर्ने बताए ।

एकका लागि एक अभियानका सहसंयोजक बस्नेतले पछिल्लो समय जन्मदिन, विवाह वर्षगाठ तडकभडकसहित फजुल खर्च गरेर मनाउने विकृति बढिरहेको अवस्थामा आफ्नो जन्मदिनको अवसर पारेर पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागि रकम प्रदान गरेकोमा ढकाललाई धन्यवाद दिएका थिए ।

सबैको सहयोगले मात्र झापामा पीसीआर परीक्षण प्रयोगशालाको स्थापना गर्न सम्भव हुने भएकाले यस्तो पुण्यकार्यमा सहयोग गर्न उनले सबैसँग आग्रह गरे ।

'एकका लागि एक' अभियानमा हालसम्म देश तथा विदेशका ७० संघ-संस्था र एक हजार एक सय व्यक्तिबाट सहयोग प्राप्त भएको बताउँदै सहसंयोजक बस्नेतले पीसीआर परीक्षण प्रयोगशालाका लागि हालसम्म एक करोड २५ लाख रुपैयाँ जुटिसकेको बताए ।

सरकार-समुदाय-सहकारीबीच साझेदारीको नमूनाको रुपमा साउन १५ गतेबाट झापाको कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा पीसीआर परीक्षण प्रयोगशाला सञ्चालन हुने गरी धमाधम काम भइरहेको अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए ।


**जग्गा विक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यलय**
**जामुनवारी, झापा**

# आन्तरिक आयको बोलपत्र आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७७।०३।१२**
**दोस्रोपटक प्रकाशित मितिः २०७७।०४।०१**

कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार यस कनकाई नगरपालिकाको आगामी आ.व. २०७७।०७८को लागि आन्तरिक आय संकलन गर्न तपशिल शीर्षक अनुसार आयमा राजश्व परामर्श समितिको सिफारिस तथा नगरपालिका कार्यपालिकाको मिति २०७७।०३।०९ को निर्णय अनुसार ठेक्का लगाउनुपर्ने भएकोले ठेक्का लिन चाहनुहुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्धौं) दिन कार्यालय समयभित्र यस कार्यालयबाट पेश गर्नुहुन सम्बन्धित सबैमा यस सूचना प्रकाशन गरिएको छ । विस्तृत सूचना तथा शर्तहरु यस नगरपालिकाको वेवसाइट www.kankaimun.gov.np मा हेर्नुहोला ।

**तपशिलः**

| क्र.सं | ठे.न. | ठेक्काको शीर्षक | आ.व.२०७७/०७८ को लागि न्युनतम अंक भ्याट सहित | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | IR/01/077-78 | सुरुङ्गा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | रु ६६,६६,६६६/- | रु ३०००/- | | | |
| २ | IR/03/077-78 | दुर्गापुर बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | रु २,५०,०००/- | रु १०००/- | २०७७/०४/१५ | २०७७/०४/१६ दिनको १२:०० बजे । | २०७७/०४/१६ दिनको २:०० बजे । |
| ३ | IR/0/077-78 | विज्ञापन कर | रु ६,५१,०००/- | रु १०००/- | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६को नियम ९मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनसक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/ वडासचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर

[redacted] जन्मदर्ताको प्रतिलिपि
[redacted]ी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धबिच्छेद
[redacted]प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
[redacted]कमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
[redacted]ा गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण
[redacted]हिलाको हकमा वडाको सिफारिस-पत्र
[redacted]क्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता
[redacted]पि (साविकको महिला तथा बालबालिका कार्यालय
[redacted]को अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

**बिर्तामोड नगरपालिका**

# सूचना ! सूचना !! सूचना !!!

**प्रथमपटक प्रकाशित मिति : २०७७/०४/०१**

सहारा नेपाल बचत तथा ऋण सहकारी लि. लाई आ.व. ०७७/०७८ को लागि बाह्य लेखा परीक्षण गर्न इच्छुक फर्मबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आवश्यक प्रमाण पत्र संलग्न राखी लिखित आवेदन आव्हान गरिन्छ ।

**सहारा नेपाल (साकोस)लि.**

केन्द्रीय कार्यालय, बिर्तामोड न.पा.-२ चारपाने (फोन. नं. ०२३-५४११९८)

# Vacancy announcement

A well reputed industry-based company is seeking dynamic, hardworking and energetic candidates for the following positions:

| Positions | Req Nos. | Qualification |
|---|---|---|
| 1. Senior accountant MBS or equivalent | 2 | More than 5 years experience in related field |
| 2. Accountant BBS or equivalent | 2 | More than 3 years in related field. |

***Salary and benefits will be Attractive.*** Interested candidates can apply with CV through the mail given below. **jhapavacancy@gmail.com**

# सूचना ! सूचना !! सूचना !!!

**प्रथमपटक प्रकाशित मिति : २०७७/०४/०१**

सहारा नेपाल बचत तथा ऋण सहकारी लि. लाई आ.व. ०७७/०७८ को लागि संस्थाको कार्य क्षेत्रभित्र तपशिल सामग्रीहरु आवश्यक परेको हुँदा निम्न शर्तहरु सहित इच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनी, सप्लार्यसहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र मिति २०७७/०४/१५ गतेको कार्यालय समयमा सूचीकृत लिखित आवेदन आव्हान गरिन्छ ।

**सूचीकृत विवरण :**

१) **स्टेशनरी सामानहरु :** नेपाली फायल, इन्डेक्स फायल, कोब्रा फायल, फोटोकपी पेपर, खाम, नेपाली कागज, रजिष्टर, कपी अन्य स्टेशनरी सामान
२) **छपाई सम्बन्धी कार्यहरु :** मसलन्द छपाई, द्वैमासिक पत्रिका, बार्षिक प्रतिवेदन, क्यालेण्डर, अन्य प्रतिवेदन
३) **फर्निचर सामानहरु :** स्टील टेबल, एस कुर्सी, स्टील न्याक, श्री सिटर, स्टील दराज, कम्प्युटर टेबल अन्य फर्निचर सामानहरु र मर्मत
४) **कम्प्युटर तथा प्रिन्टर :** डेकस्टप कम्प्युटर , ल्यापटप, प्रिन्टर, एल.क्यु प्रिन्टर र मर्मत
५) **कार्यालय उपकरण :** टीनको बाकस, चेक राईटर, स्क्यानर, सेफ, बण्डल नोट गणना मेशीन, डुब्लीकेट नोट चेक मेसिन, लुज नोट गणना मेसिन, फेन, ब्याट्री, इन्भर्टर, स्टेपलाईजर, सीसी क्यामेरा अन्य कार्यालय उपकरण र मर्मत
६) बिद्युतीय सामग्रीहरु खरिद र मर्मत ७) कुरियर सेवा
८) **सेवा केन्द्र सजावट :** टेबल, हाफ् पार्टीशन, फुल पार्टीशन, अन्य सामग्रीहरु

**शर्तहरु :**

१) फर्म दर्ता, व्यवसायिक प्रमाण पत्र ,आयकर चुक्ता प्रमाणपत्र, कर कार्यालयबाट नवीकरण भएको हुनुपर्नेछ ।
२) आ.व. २०७५/२०७६ कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।
३) सप्लार्यसहरुको आफ्नो कार्यालय वा पसल हुनु पर्नेछ ।
४) निवेदन आफ्नो फर्मको लेटर प्याडमा लेखेको हुनुपर्नेछ । जसमा पसलको ठेगाना, टेलिफोन नम्बर, मोवाइल नम्बर, फर्मको छाप प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ ।
५) सूचीकृत दर्ताको लागि निवेदन दिने मध्येबाट उपयुक्त ठहरिएका कम्पनी, फर्मलाई मात्र सूचीकृत गरिने छ ।
६) फर्मलाई सूचिकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहीत रहनेछ ।

**सहारा नेपाल (साकोस)लि.**

केन्द्रीय कार्यालय, बिर्तामोड न.पा.-२ चारपाने
फो.न. ०२३-५४११९८


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्य[redacted]ापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : [redacted]कारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : [redacted]ी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) E[redacted]chal2052@gmail.com /purwanchal[redacted]p

पूर्वाञ्चल

सम्पादकीय

# कोरोनासँगै करको मार

कोरोना भाइरसजन्य संकटले देशको नियमित जीवन अस्तव्यस्त भएको छ । यसले देशको जीवन सञ्चार गर्ने व्यापार–व्यवसाय, यातायात, उद्योग–धन्दा, कृषिजन्य उत्पादन र वितरण लगायतका आयमूलक कार्य अवरुद्ध भएका छन् । त्यस्तै ज्याला मजदुरी गरेर बिहान बेलुका चुल्हो बाल्ने वर्गको दैनिकी अत्यन्त कष्टकर भएको छ । महामारी रोकथामको प्रभावकारी उपाय भन्दै विश्व स्वास्थ्य संगठनको निर्देशन अनुसार गरिएको बन्दाबन्दीले देशको गति नै ठप्प हुँदा अर्थतन्त्र नै कमजोर हुन पुगेको छ । निम्न तथा मध्यम वर्गीय परिवार बन्दीका कारण बाँच्नकै लागि संघर्षरत् छ भने उपल्लो वर्ग साख जोगाउन र ‘लिक’ बाहिर गएको दैनिकीलाई नियमित गर्न प्रयत्नरत् छ ।

श्रमिक हुन् वा किसान, व्यापारी हुन् वा उद्योगी अथवा कर्मचारी वा आम जनता सबै कोरोनाका कारण उत्पन्न पीडाले आहत छन् । सबैको अभिभावकका रुपमा रहेको सरकारले यस्तो संकटको समयमा अभिभावकीय भूमिका निर्वाह गर्न सकेको छैन । उद्योगी–व्यापारीहरु बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको ऋण तिर्न नसकेर हैरान छन् भने समयमा ब्याज तिर्न नसक्दा तिनले दिएको मानसिक यातनाले पीडित छन् । सरकार तिनको संरक्षण गर्नेतर्फ गम्भीर नभएको मात्र होइन सहानुभूति प्रकट गर्न पनि सकिरहेको छैन । बन्दव्यापारदेखि औद्योगिक प्रतिष्ठानहरु झण्डै चार महिनादेखि बन्द छन्, त्यहाँ कार्यरत मजदुर तथा कर्मचारी र तिनका आश्रित परिवारले बन्दको कस्तो पीडा भोगिरहेका छन् त्यसतर्फ सरकारको ध्यान गएकै छैन । किसानले ऋण लिएर गरेको कृषि व्यवसाय ठप्प हुँदा तिनलाई जोगाउने, आशा जगाउने र भरोसा दिने काम भएको छैन ।

होटल, पर्यटन, सवारी, निर्माण तथा अन्य पेशागत व्यवसायीहरु पनि बन्दाबन्दीको मारमा छन् । लाखौं, करोडौं ऋण लिएर सञ्चालन गरेका व्यवसाय बन्द हुँदा ऋणको बोझ एकातर्फ थामिनसक्नु भएको छ भने अर्कातर्फ भौतिक तथा मानसिक कष्ट उत्तिकै छ । उनीहरुलाई राज्यका तर्फबाट न सहयोग भएको छ न त संरक्षण, न कुनै राहत प्याकेज नै प्रदान गरिएको छ । यसले गर्दा कति पेशा–व्यवसायबाट पलायन हुने अवस्थामा छन् भने कति जीवन नै विघटन गर्ने कठोर निर्णय गर्न पुगेका छन् । तर, सरकार कोरोना संक्रमण रोकथाम, उपचार तथा नियन्त्रणभन्दा आत्मरतिमा रमाएको छ । सरकारले आफूले उठाउने, लिने करमा कुनै सहुलियत त दिएन–दिएन समय सीमा समेत थप गरेन ।

यही समय असारे विकासको उत्कर्ष समय हो । यो वर्ष मनसुन छिट्टै शुरु भएकाले खेती किसानी गर्नेहरुलाई पनि कामको चटारो छ । तर, उनीहरुले पनि कृषि मल पाएनन् कतै बाढीले रोपेको खेत बगायो, कतै पहिरोले जीवन लग्यो, कतिलाई घरबारविहीन बनायो । किसानले उत्पादन गरेको वस्तु बजार पुग्न सकेन, बोटमै कुहियो र सर्वत्र निराशा छायो । मन अशान्त बन्यो तर फेरि पनि उठेर हिंड्ने प्रेरणा र ऊर्जा कतैबाट पाएनन् । एकथरी कमाउन मै व्यस्त छन्, राज्यको ढिकुटी मास्ने होड छ, कतै बाँच्नका लागि संघर्ष हुँदैछ । भौतिक निर्माणको चटारोको यो समय सरकारले जनअपेक्षा पनि सम्बोधन गर्नुपर्ने हो । त्यसैले कोरोनाभन्दा करले दिएको पीडा असामान्य भएको छ जनतालाई ।

# स्वउपचार शिक्षाको आवश्यकता

□ डा. हरिप्रसाद पोखरेल

कोरोना भाइरस (कोभिड-१९) को महामारीले यतिबेला संसार आक्रन्त छ। यो रोगको उपचारको लागि विश्वसनीय औषधि पत्ता लगाउने प्रयत्न जारी भएता पनि अहिलेसम्म सफलता भने हासिल भएको छैन। रोग लागिसकेपछि यसको उपचार कठीन भएकोले यसबाट बच्नु नै उत्तम उपाय रहेको कुरा चिकित्सकहरु बताउँछन्। गत नोभेम्बरको अन्त्यतिर चीनको बुहानबाट शुरु भएको यो भाइरसको संक्रमण अहिले विश्वको सबैजसो मुलुकमा पुगिसकेको छ। जुन गतिमा यसको संक्रमणको रफ्तार तथा मृत्युदर बढिरहेको छ। यसबाट कति मानवीय क्षति हुने हो भन्ने आँकलन गर्न सकिने अवस्था त छैन तथापि यो मानव इतिहास कै एक जटिल महामारी हुने कुरा भने घट्नाक्रमले पुष्टि गर्दैछ।

संक्रमणको जोखिम न्यूनीकरण गर्ने मुख्य विधिका रुपमा संसारका अधिकांश देशले लकडाउन अपनाएका छन्। नेपाल पनि गत चैत ११ गतेदेखि लकडाउन भए पनि अहिले भने धेरै खुकुलो भएको छ। यस संक्रमणबाट मानवीय क्षति मात्र होइन विश्वको आर्थिक अवस्था र समग्र शैक्षिक, राजनीतिक, सांस्कृतिक र पहिचानको मार्ग नै फेरिने संकेतहरु पनि देखिँदैछ। हाम्रो जस्तो देश जहाँ कोरोना भाइरस जाँच गर्ने तथा यसको उपचार गर्ने पद्धतिसँग सम्बन्धित विज्ञ चिकित्सक र विश्वसनीय स्वास्थ्य सामग्रीहरुको पर्याप्तता छैन, यहाँ लकडाउनको सही सदुपयोग गर्दै सेल्फ क्वारेन्टाइनमा बस्नु नै सबभन्दा उत्तम विकल्प रहेका तथ्यहरुले पुष्टि गरिरहेका छन्।

सरकारले दिएको निर्देशन र चिकित्सकहरुको सल्लाह एवम् सुझावलाई अनुशासित भई पालना गर्नु नै आम नेपालीको निर्विकल्प कर्तव्य बनेको छ यतिखेर। रोग प्रतिरोधात्मक क्षमता प्राप्त हुने भिटामिन सीयुक्त फलफुलहरु खानाले पनि यसबाट सुरक्षित हुन सक्ने अध्ययन अनुसन्धानले देखाएको छ। तर, कोरोना लगायत सबैखालका रोगहरुबाट बच्ने उपाय भनेको स्वउपचार शिक्षा नै हो भन्ने बारेमा भने सार्थक बहस भएको पाइँदैन।

नेपालमा आम नागरिक स्वास्थ्य सेवाको सहज पहुँचमा पुगिसकेको अवस्था छैन। स्वास्थ्य सम्बन्धी परम्परागत तथा रुढीग्रस्त विचार धाराले कुनै न कुनै रुपमा नेपाली समाजमा प्रभाव छोडीरहेको अवस्था छ। आफ्नो स्वास्थ्यमा ख्याल नगर्ने तर विरामी भइसके पछि छारफुक र धामी-झाक्री लगाउने अनि विरामीको अवस्था नाजुक भइसकेपछि मात्र अस्पताल पुर्‍याउने परम्परा पनि पूर्णरुपमा रोकिएको छैन। स्वास्थ्य सम्बन्धी गलत धारणा तथा स्वास्थ्यवर्द्धक खानाको सहि पहिचान गर्न नसक्दा पनि उपचार पछि रोगी निको हुने सम्भावनामा कमी आउने रहेको अवस्था विद्यमान छ। व्यक्तिलाई निरोगी बनाउने तथा प्रभावकारी उपचारको माध्यमले रोगलाई निको पार्ने प्रयोजनले विश्वमा विभिन्न उपचार पद्धतिहरुको विकास र प्रयोग भइरहेको छ। रोग लागि सकेपछि उपचार गर्दा रोग विशेक भए पनि यसबाट हुने आर्थिक, शारीरिक र मानसिक हानी निको पार्न कठीन नै हुन जान्छ।

यस पृष्ठभूमिमा खानपीन र स्वउपचार शिक्षा पद्धति स्वस्थ रहने एक भरपर्दो विकल्प हुन सक्छ। खानपीन तथा स्वउपचार विधि अपनाउँदा रोगलाग्न नदिन र रोगलाई जरैदेखि निर्मुल पार्न सकिन्छ। भनाइको अर्थ हामीले हाम्रो उमेर, शरीरको बनोट एवम् संरचना र उपलब्ध खाद्यवस्तुलाई समय र सन्दर्भसँग मिलाएर उपयोग गर्न सक्ने र कस्तो खानाको प्रभाव हाम्रो शरीरमा कस्तो पर्छ भन्ने कुराको जानकारी लिएर सोही अनुसारको व्यवहार गर्न सक्ने हो भने पनि रोगलाग्ने समस्याबाट धेरै हदसम्म बच्न सकिन्छ। स्वउपचार पद्धतिको नकारात्मक प्रभाव नहुने र खानपीन, योग तथा ब्यायामको सन्तुलनबाटै स्वस्थ बन्न सकिने भएकोले हिजोआज यसको प्रयोग बढिरहेको अवस्था पनि छ। त्यसो त स्वउपचार पद्धति आफैमा अनौपचारिक प्रकृतिको हुन्छ। यसको लागि औपचारिक रुपमा बजारमा पाइने विभिन्न प्रकारका औषधिहरुको सेवन गरिरहनु पर्दैन।

धेरैजसो रोगहरु अप्राकृतिक र गुणस्तरहीन खानेकुराहरुको प्रयोगले गर्दा नै लाग्ने गर्छ। अध्ययन अनुसन्धानले के देखाएको छ भने हामीलाई जिउनको लागि चाहिने तीन प्रमुख तत्व हावा, पानी र खाना (खुराक) को अप्राकृतिक एवम् बेनियम प्रयोगले शरीरमा दुष्परिणाम निम्तिन्छ। यस्तो अवस्थालाई हामी रोग भन्छौं। वास्तवमा खानपीनको कारण शरीरमा हुने असहज परिस्थिति नै रोग हो। हामीले शरीरलाई चाहिने उपयुक्त खानेकुराको पहिचान गर्न नसक्दा र खानपीन सम्बन्धी हाम्रा पूर्वीय आचारसंहिता ( ऋताहार, मिताहार र हिताहार) उलङ्घन गर्दाको परिणामले पनि हामी रोगी बनिरहेका छौं।

मिठो र स्वादिष्ट खानाको नाममा शरीरलाई बेफाइदा पुग्ने खानेकुराहरुको निर्वाध प्रयोग पनि रोग लाग्नुको अर्को महत्वपूर्ण कारण हो। शरीरलाई चाहिने माथि उल्लिखित ती तीन तत्वहरुको



अविवेकी प्रयोगले हामीलाई रोगी बनाउने हुँदा ती तत्वहरुको विवेकशील र नियमसम्मत प्रयोग नै स्वउपचार विधि हो। यी तीन तत्वहरु मध्ये हावाको भूमिका : मस्तिष्क क्रियाशील बनाउने, पानीको भूमिका : आन्द्राको कार्यसञ्चालन बिना अवरोध गराउने र खुराकको भूमिका दैनिक कार्यको लागि शरीरलाई शक्ति उत्पन्न गराउने हो।

व्यस्त जीवनशैली, कार्यव्यस्ता तथा प्रदुषित वातावरणको कारण हामीले स्वस्थ हावा पर्याप्तरुपमा प्राप्त गर्न सकिरहेका छैनौं। स्वभाविक रुपमा कामको धपेडीले हामी छिटो-छिटो श्वास फेरिरहेका हुन्छौं। लामो श्वासप्रश्वास गर्दा मस्तिष्क सम्म अक्सिजनको मात्रा पुग्ने हुँदा हामीलाई मानसिकरुपमा पनि स्फूर्ति मिल्छ। पहिलो कुरा त हामीले वातावरणीय प्रदुषणलाई नियन्त्रण गरी आफ्नो घर-समाजलाई हरियाली, स्वच्छ तथा सफा बनाउनुपर्ने हुन्छ। कम्तिमा पनि हामीले लामो लामो श्वासप्रश्वास गर्ने कुरामा समुचित ध्यान दिन सक्नुपर्छ। यसो गर्दा पनि हामी स्वस्थ बन्न सक्छौं।

अर्कोतर्फ प्राकृतिक चिकित्सक तथा आधुनिक र आयुर्वेदिक चिकित्सकहरुको साझा धारणा के छ भने हामीले पानी पिउँदा एकैपटक धेरै पिउनु हुँदैन। समय समयमा शरीरको आवश्यकताको पृष्ठभूमिमा पटक-पटक पानी पिइरहने गर्नाले पनि हामीलाई फाइदा पुर्‍याउँछ। त्यसैगरी खाना खाँदा बढी चिल्लो, बोसो, तथा गरिष्ट खाना नखाइ सादा, सफा र पोषणयुक्त खाना खाने गर्नुपर्छ। खाना हतारमा छिटो-छिटो नचपाइ खाँदा पनि हाम्रो पाचन प्रणालीमा नकारात्मक प्रभाव पर्छ। खाना शान्त भएर तनावरहित वातावरणमा धेरैपटक चपाएर खानेबानीले पनि हामीलाई विशेष फाइदा पुग्ने कुरा चिकित्सकहरु बताउँछन्। यी कुराहरुको अलावा ब्यायाम, आराम, मनोरञ्जनालाई पनि हामीले सहीरुपमा व्यवस्थापन गर्नुपर्ने हुन्छ।

तनावमुक्त हुनका लागि आवश्यकता अनुसार व्यायाम, ध्यान, उपशना, योग तथा आराम गर्ने तथा व्यस्त जीवनशैलीको विवेकशील उपयोग गर्ने आदत निर्माण गर्न सके शारीरिक र मानसिक सन्तुलन कायम राख्न सकिन्छ। यसो हुँदा स्वस्थता प्राप्त हुन्छ। बजारमा पाइने गुणस्तरहीन जंकुफुड (पत्रु खाना) तथा पेय पदार्थको अध्यधिक प्रयोग गर्नुको साटो घरमा निर्माण गरिएको पोषणयक्त खाना तथा दूध, मोही, दही लगायतका पेय पदार्थको प्रयोग गर्नसक्दा पनि स्वउपचार प्राप्त गर्न सकिन्छ। हाम्रा पूर्वीय मान्यताले स्थापित गरेका आवश्यकता अनुसार व्रत बस्ने, मौसम अनुसार फलफूल, सागपात, टुसा आएका गेडागुडी तथा सात्विक भोजन गर्ने, साँझको खाना सूर्यास्त हुन अगावै गर्ने जस्ता कुराहरुले समेत स्वास्थ जीवनयापनमा सहयोग गर्दछ।

बिहान खालीपेटमा प्रशस्त पानी पिउने, बिहान भोक अनुसार भोजन गरे पनि साँझको खाना हल्का रुपमा खाने गर्नाले पनि स्वस्थता हासिल गर्न सकिन्छ। मध्यपान तथा धुम्रपानबाट टाढा रहने, तारेको, भुटेको खानेकुरा नखाने, नियमित व्यायाम गर्ने जस्ता कार्यले पनि स्वउपचारमा सहयोग पुग्दछ। खाना खाँदा धेरै निहुरिएर तथा भुँडी खुम्च्याएर नखाने, खाना खानुभन्दा कम्तिमा पनि आधा घण्टा अघि वा आधा घण्टा पछि मात्र पानी पिउने, खाना खाँदै पटक-पटक पानी पिउने बानी त्याग्ने र खाना राम्रोसँग चपाएर मात्र खाने जस्ता क्रियाकलापहरुबारे यथोचित जानकारी गराउने शिक्षा नै स्वउपचार शिक्षा हो जसबाट स्वस्थ जीवन प्राप्त गर्न सकिन्छ।

अहिलेको सन्दर्भमा सरकारले गरेको निर्देशनको विवेकसम्मत ढंगले पालना गर्ने तथा कोरोना संक्रमणको जोखिमबाट बच्न चिकित्सहरुले दिएको सल्लाह र सुझावको अनुशरण गर्नु नै स्वउपचार शिक्षा हो। तर, समग्रमा स्वस्थ तथा उपयुक्त खानपीन र सहज जीवनशैलीको माध्यमले सम्भावित रोगहरुबाट बच्न र बचाउन दिइने अनौपचारिक तर उपचारात्मक शिक्षा नै स्वउपचार शिक्षा हो। स्वउपचार शिक्षाको यथोचित प्रचार, प्रसार र अनुशरणले कोरोना लगायत अन्य धेरै रोगहरुबाट बच्न सकिने भएकोले यस सम्बन्धमा सबैको ध्यान जान आवश्यक छ। *इडुखबर*

# आज साउने संक्रान्ति अर्थात् लुतो फाल्ने दिन

आज साउने संक्रान्ति। सौर्यमान अनुसार सूर्य दक्षिणतर्फ सरी कर्कटरेखा माथि जाने भएकाले आजको दिनलाई कर्कट संक्रान्ति पनि भनिन्छ। सूर्य मिथुन राशिबाट कर्कट राशिमा प्रवेश गर्ने साउन १ गतेलाई कर्कट संक्रान्तिका रुपमा मनाइन्छ।

माघ १ गते अर्थात् मकर संक्रान्तिका दिन उत्तरतर्फको यात्रा गर्ने सूर्यले आजैदेखि दक्षिणको यात्रा गर्ने भएकाले दक्षिणायन पनि कर्कट संक्रान्तिकै दिनदेखि शुरु हुन्छ। साउन १ गते भएकाले सोही दिनलाई साउने संक्रान्ति पनि भनिन्छ। कृषिप्रधान देशमा मानो खाई मुरी उब्जाउने प्रचलित कथन अनुसार असार महिनाभर गरिएको खेतीपातीका कारण थाकेका किसान हिलोमैलो पखाली घरपरिवार र आफन्तका साथ रमाइलो गरी यसदिन भोज खाने गर्छन्।



यसैदिन साँझ लुतो, दाद आदि चर्मादिरोगबाट मुक्ति पाउन लुतो फाल्ने चलन रहेको असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण फैलिन सक्ने चर्मादिरोगबाट जोगिन लुतो फाल्ने प्रचलनस्वरुप यो पर्व मनाउन थालिएको हो। साउने संक्रान्तिको दिन कण्डारक नाम गरेको रात्रिचर ( राति हिँड्ने) को पूजा गरी बलेको अगुल्टो फालेपछि वर्षाभर खेतबारीको काम गर्दा लागेको छालाको रोग, खटिरा, लुतो आदि निको हुने शास्त्रीय मान्यता रहेको छ।

प्राचीन कालदेखि नै कागभलायो, कुकुरडाइनो, लुतेझार, पानीसरो आदि औषधीय वनस्पतिका साथै कागती, निबुवा, अम्बा, अनार, नासपाती आदि फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फ्याँक्ने गरिन्छ। वर्षभरका संक्रान्ति मध्ये वैशाख, साउन, कात्तिक र माघ गरी चार वटालाई महत्वका साथ लिइन्छ। साउने संक्रान्तिलाई लुतो फाल्ने दिनको रुपमा पनि मनाइँदै आएको किंबदन्ती छ।

असार महिनाभरि हिलोमा पसी खेतीपातीको काम सकेपछि शरीरमा हिलोबाट निस्केका घाउखटिरा तथा शरीर चिलाउने समस्याबाट मुक्त हुन आज साँझ लुतो फाल्ने प्रचलन छ। लुतो फाल्दा साँझमा कुरिलो र तितेपाती आगोमा सल्काई अगुल्टो लुतो लैजा भनी चारैदिशा फाल्ने र नाङ्लो ठटाई घरको मूलढोका बन्द गर्ने गरिन्छ।

साउने संक्रान्तिलाई किसानले खेतीपातीको काम सकेपछि मनोरञ्जनका रूपमा आफ्ना चेलीबेटीलाई बोलाई रमाइलोसँग मनाउने चाडका रूपमा पनि लिने गरिन्छ। पञ्चाङ्गका अनुसार सूर्यनारायणका दुई अयन, उत्तरायण र दक्षिणायन हुन्छ। माघ महिनादेखि उत्तरायण हुन्छ भने साउनदेखि दक्षिणायन हुन्छ। सूर्यको गति दक्षिणायन शुरु भएपछि नेपालमा राष्ट्रिय सांस्कृतिक पर्व शुरु हुन्छ।

गाईजात्रा, नागपञ्चमी, जनैपूर्णिमा, श्रावणी मेला, पञ्चदान, कुशे औँसी, हरितालिका, इन्द्रजात्रा, कुमारीयात्रा, अनन्तचतुर्दशी, सोह्रश्राद्ध, बडादसैँ, रुद्रायणीनाच, तिहार, बालाचतुर्दशी, गौरापर्व, छठ, योमह्री पूर्णिमा, स्वस्थानी पूजा लगायतका धार्मिक एवम् सांस्कृतिक पर्व दक्षिणायनमा पर्छन्। श्रावण महिना सनातन हिन्दू धर्माबलम्बीले विद्या, धन, असल पति तथा पुत्रलाभका लागि शिवजीको व्रत, पूजा, आराधनाको महिनाका रूपमा लिने गरेका छन्।

यसैबीच साउने सोमबारको ब्रत लिने भक्तजनहरुको पशुपतिनाथ लगायत देशभरका शिव मन्दिरहरुमा बिहानैदेखि घुइँचो लाग्दछ। साउन महिनामा पर्ने हरेक सोमबार व्रत बसे मनले चिताएको कुरा पुग्ने जनविश्वास छ। महिलाहरु साउने संक्रान्तिका दिनदेखि एक महिना सौभाग्यको प्रतिक हरियो चुरा र मेहन्दी लगाउनाका साथै शिवलाई प्रसन्न पार्न सोमबारे व्रत बस्छन्।

देवी पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेकाले सोमबारको व्रतको महत्व छ। साउन महिना जताततै हरियाली हुने भएका कारण पनि हरिया चुरासहित श्रृङ्गारका समान पहिरिनु प्रकृतिसम्मत प्रचलन हुनसक्ने अध्यक्ष गौतमको भनाइ छ। साउन महिना भगवान शिवको महिना भएकोले यो महिनाभर शिवालयहरुमा दर्शनार्थीहरुको अत्याधिक भिड लाग्छ। हरियो रङ्गका वस्त्र, चुरा र मेहंदी लगाए भगवान शिवजी खुसी भई मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ। यसैबीच, साउन महिनाभरी महादेवको आराधनामा बोल बम यात्रा गर्ने चलन पनि छ।

# साहित्य चौतारीको २१औं वार्षिकोत्सव





**बिर्तामोड, असार ३१।** साहित्य चौतारी झापाको २१औं वार्षिकोत्सव तथा २०७औं भानु जयन्ती विविध साहित्यिक कार्यक्रम गरी मनाइएको छ।

साहित्य चौतारी झापाका अध्यक्ष टंक विकल्पको अध्यक्षता तथा प्राज्ञ सुभद्रा भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्य चौतारी झापाका साहित्य उपाध्यक्ष तथा कार्यक्रम संयोजक कृष्ण सुवेदी निराकारले स्वागत गरेका थिए भने सरगम संगीतालयका विद्यार्थीले स्वागत गीत र भानुभक्तिय रामायण पाठ गरेका थिए।

कार्यक्रममा साहित्य चौतारी झापाका संस्थापक संरक्षक देविभक्त श्रेष्ठ, संस्थापक अध्यक्ष शिवशंकर थापा, पूर्व महासचिव तथा प्रगतिशील लेखक संघ झापाका अध्यक्ष राजेन्द्र संग्रौला लगायतले शुभकामना मन्तव्य राखेका थिए।

साहित्य चौतारी झापाका संस्थापक संरक्षक देवीभक्त श्रेष्ठले भानुभक्तीय रामायण पाठ गरेको कार्यक्रममा साहित्यकारहरु विवसवलिभद्र कोइराला, लीला अनमोल, मायामितु न्यौपाने, जीवन धिताल, जय भण्डारी, दुर्गा सिग्देल, देवीचरण भण्डारी, तुलसी भट्टराई, हरि दाहाल, दिनेश खरेल, वेनु मञ्जरी अधिकारी, जमुना खरेल, युवराज पोर्तेल, मनिका चुडाल मधुवाला लगायतले साहित्यिक प्रस्तुति दिएका थिए।

कार्यक्रममा सरगम संगीतालयका विद्यार्थीहरु कृपा पौडेल, अनुजा कडरिया, भिषम आचार्य, आशिका विमली, प्रमेश राई, विदिष सिग्देल, रक्षा तिम्सिना, भक्त विक, अर्पण सिटौला, मौनता प्रसाईं र गुरुकुल संगीत विद्यालयका रोशन लिम्वूले गीत, नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा साहित्य चौतारी झापाका संस्थापक संरक्षिका उर्मिला विमली श्रेष्ठ, गौरव श्रेष्ठ, गर्ग श्रेष्ठ, सल्लाहकार हस्त परियार, कृष्णप्रसाद पौडेल, संगीत उपाध्यक्ष कृष्ण योञ्जन, सहसचिव खगिन्द्रा खुसी, कोषाध्यक्ष भवानी गौतम, सदस्यहरु विमला चिमरिया, देवीचरण भण्डारी, हेमन्ता भण्डारी, विनोद खनाल, फुर्वा योञ्जन, सरगम संगीतालयका प्रवन्ध निर्देशक दिपक रायमाझी, गुरुकुल संगीत विद्यालयकी प्रवन्ध निर्देशक कमला नेम्वाङ लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा कोरोना भाइरसको सङ्क्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनको अवस्थामा साहित्य चौतारी झापाले वार्षिक रुपमा प्रदान गर्ने पुरस्कार र सम्मान यस वर्ष स्थगित गरिएको जानकारी दिइयो।

साहित्य चौतारी झापाले भानु जयन्तीको अवसरमा विगतका वर्षदेखि नै साहित्य चौतारीले समर्पण साहित्य चौतारी सम्मान, भिमबहादुर पञ्चकुमारी श्रेष्ठ स्मृति साहित्य चौतारी प्रतिभा पुरस्कार, धनमाया जगन्नाथ विमली स्मृति नवप्रतिभा पुरस्कार, डिकमान विरही स्मृति साहित्य चौतारी सम्मान, जेवी आले स्मृति फोटोग्राफी साहित्य पुरस्कार, प्रदान गर्दै आइरहेको र यस वर्ष उक्त पुरस्कार तथा सम्मान कोरोनाका कारण स्थगित गरिएको बताइयो।

कार्यक्रमको सञ्चालन साहित्य चौतारी झापाका सचिव दिलीप घिमिरेले गरेका थिए।

# प्रधानमन्त्री कृषि परियोजनाको आधाभन्दा बढी बजेट खर्च भएन

**भद्रपुर, असार ३१।** कोभिड-१९ को महामारीको नकारात्मक प्रभाव कृषि क्षेत्रमा पनि परेको छ। कृषिको आधुनिकीकरण र व्यावसायीकरणका लागि सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत झापामा पठाएको आधाभन्दा बढी बजेट खर्च हुन नसकेको पाइएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ झापाका अनुसार चालू आर्थिक वर्ष २०७६/०७७ मा चारवटा जोनमा खर्च हुने गरी कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट रु. सात करोड ७० लाख ७५ हजार बजेट आएको थियो। तर, कोभिड-१९ र बन्दाबन्दीका कारण रु. चार करोड ४३ लाख २६ हजार खर्च हुन सकेन। परियोजनाले कार्यक्रमका लागि आएको रु. तीन करोड २७ लाख ४९ हजार मात्र खर्च गरेको छ। कतिपय रकम कृषि तथा पशुपक्षी विकास मन्त्रालयमै फिर्ता भएको छ।

झापामा चालू आर्थिक वर्षमा परियोजना एकाइअन्तर्गत धान सुपरजोन, मकैजोन, सुपारीजोन र रबरजोन गरी चार कार्यक्रम सञ्चालनमा छन्। परियोजनाले जोनका कृषक, सहकारी र कृषिफार्मलाई कृषि उपकरण, सौर्य ऊर्जा लगायतमा ५० प्रतिशत अनुदान दिँदै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ झापा प्रमुख रवीन्द्र सुवेदीले बताए।

उनले मेचीनगर नगरपालिकास्थित मेची कृषक बहुमुखी सहकारी संस्थाले स्थापना गरेको कस्टम हाइरिङ सेन्टर, कालिका सामुदायिक वन उपभोक्ता समूह, शान्तिराम चिमरियाले बनाएको रबर स्मोक हाउस, बुद्धशान्ति-३ मा स्थापना गरिएको सुपारी गोदाम घर, महिला चेतना बहुउद्देश्यीय सहकारी संस्थाले निर्माण गरेको कम्बाइन हार्भेस्टरमा अनुदान दिइएको बताए। अनुदानमा खरिद गरेका सामग्री राख्नका लागि कस्टम हायरिङ सेन्टर निर्माणमा समेत परियोजनाले अनुदान सहयोग उपलब्ध गराएको छ।

परियोजनाबाट अनुदान लिएर कनकाई नगरपालिकाको आदर्श एग्रो प्रालिले कम्बाइन हार्भेस्टर र साना सिँचाइ सञ्चालन गरेको छ भने कमल गाउँपालिकाको पूर्व नेपाल कृषि सहकारी संस्था, गौरादहको मखमली कृषक समूह र महारानीझोडा साना किसान कृषि सहकारीले कस्टम हायरिङ सेन्टर निर्माण गरेका छन्।

धान सुपरजोनतर्फ रु. पाँच करोड ५९ लाख ७५ हजार बजेट स्वीकृत भएकामा रु. एक करोड ८२ लाख ६४ हजार मात्र खर्च भएको छ। मकैजोनतर्फ रु. एक करोड ११ लाख बजेट स्वीकृत भएकामा रु. ५९ लाख ७२ हजार मात्र खर्च भएको छ। सुपारीजोनमा रु. एक करोड एक लाख पाँच हजार बजेट स्वीकृत भएकामा रु. ३६ लाख ५८ हजार मात्र खर्च भएको छ। त्यस्तै रबरजोनमा रु. एक करोड बजेट आएकोमा रु. ४८ लाख ५५ हजार मात्र खर्च भएको छ।

सुपारी जोनको प्रशोधन उद्योग सञ्चालन सहयोग कार्यक्रमका लागि आएको रु. ४५ लाख, मकैजोनको गोदाम घर निर्माण कार्यक्रमका लागि आएको रु. ४० लाख, धान जोनको राइस मिल उद्योगलाई ड्रायर तथा ब्रोइलर स्थापनाका लागि आएको रु. एक करोड र सौर्य ऊर्जामा आधारित सिँचाइ प्रणाली जडानका लागि आएको रु. ८० लाख बजेट आएकामा सबै बजेट मन्त्रालयमा फिर्ता भएको छ।

परियोजना अन्तर्गतका कार्यक्रमहरूको अवस्था बुझ्नका लागि जिल्ला समन्वय समिति झापाका संयोजक सोमनाथ पोर्तेल, सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राई, डिभिजन वन कार्यालयका प्रमुख विष्णुलाल घिमिरे, कृषि ज्ञान केन्द्र, चारवटै जोनका जिल्ला संयोजक र सञ्चारकर्मी रहेको टोलीले हालै स्थलगत अनुगमन गरेको थियो।

## एनसेलले ल्यायो इन्डलेस कुराकानी प्लस

**झापा, असार ३१।** एनसेलका प्रिपेड ग्राहकले अब आफ्ना परिवार, आफन्त र साथीभाइसँग एनसेल नेटवर्कभित्र अझै सुलभ दरमा धेरै कुराकानी गर्न सक्ने छन्।

एनसेल प्राइभेट लिमिटेडले आफ्नो नयाँ थिम 'प्लस'अन्तर्गत प्रिपेड ग्राहकलाई आकर्षक भ्वाइस अफर 'इन्डलेस कुराकानी प्लस'ल्याएको छ। यस योजना अन्तर्गत ग्राहकले अझ सुलभ दरमा भ्वाइस सेवाबाट लाभ लिन सक्छन्।

प्रिपेड ग्राहकले यस अफर अन्तर्गत सात दिन, १५ दिनवा ३० दिनको समयावधि रहेको भ्वाइस प्याक आफ्नो आवश्यकता अनुसार सुचारु गर्न सक्ने छन्।

ग्राहकले सात दिन समयसिमा रहेको सात सय मिनेट अन नेट टक टाइम करसहित मात्र रु. ९५.७७ लिन सक्नेछन्। यो प्याकमा ग्राहकले प्रतिदिन सात दिनसम्म एक सय मिनेट टक टाइम प्राप्त गर्ने छन्। त्यस्तै १५ दिनको प्याकमा ग्राहकले करसहित मात्र रु. एकसय ९१ रुपैया ५४ पैसामा एक हजार आठ सय ७५ मिनेट अन नेट टकटाइमको पाउनेछन् र १५ दिनसम्म प्रत्येक दिन एक सय २५ मिनेटको टकटाइमबाट फाइदा लिन सक्ने छन्।

साथै भ्वाइस सेवाको अलि धेरै आवश्यकता रहेका ग्राहकका लागि ३० दिनको आकर्षक भ्वाइस प्याक रहेको छ। यस प्याक अन्तर्गत ग्राहकले करसहितमात्र रु. तीन सय ८१ रुपैयाँ ७९ पैसामा चार हजार पाँच सय मिनेट अन नेट टकटाइम लिन सक्छन्। यसमा ग्राहकले हरेक दिन एक सय ५० मिनेट टकटाइम ३० दिनसम्म प्राप्त गर्दछन्। यो प्याक सुचारु गर्ने ग्राहकले मात्र आठ पैसा प्रतिमिनेटमा कुराकानी गर्न सक्छन्।

प्रिपेड ग्राहकले एस्ट्रिक्स १७११८ एस्ट्रिक्स सात ह्यास डायल गरी निर्देशन अनुसार प्याक सुचारु गर्न सक्छन्। ग्राहकले एसएमएसबाट पनिप्याक सुचारु गर्न सक्छन्। जस्तैः सात दिनको प्याक लिनका लागि ग्राहकले एक सय टाइप गरी १७११८ मा एसएमएस पठाउनुपर्ने हुन्छ। त्यस्तै ग्राहकले १५ दिनको प्याकको लागि एक सय २५ र ३० दिनको प्याकको लागि एक सय ५० टाइप गरी १७११८ मा एसएमएस पठाएर प्याक सुचारु गर्न सक्ने छन्।

'इन्डलेस कुराकानी प्लस'अफरको बारेमा आफ्नो उत्साह साट्दै एनसेलका चीफ कर्मसियल अफिसर प्रदीप श्रीवास्तवले भने- 'सुलभ दरमा गुणस्तरीय सेवा प्रदान गर्ने हाम्रो प्रतिवद्धता अनुरुप भ्वाइस अफर ल्याउन पाएकोमा हामी निकै हर्षित छौं। यी आकर्षक भ्वाइस प्याकहरुले ग्राहकलाई आफ्ना परिवार, आफन्त र साथीभाइसँग सुलभ दरमा सम्पर्कमा रहन मद्दत गर्दै थप मूल्य प्रदान गर्ने विश्वास लिएका छौं।'

आफ्नो नयाँ थिम 'प्लस'अन्तर्गत नै रही एनसेलले आफ्ना फोरजी ग्राहकका लागि आकर्षक 'ननस्टप युट्युब प्लस'अफर ल्याई सकेको र साथै 'वायर फ्री प्लस वाइफाइ' सेवाको बुकिङ शुरु गरी सकेको छ। 'प्लस'थिमले नवीन र विशेष सेवाहरुको साथ ग्राहकलाई हरेक पल जहाँ भए पनि सेवामा पहुँच सुनिश्चित गराउने उद्देश्य लिएको छ।

# होटल खोल्न पाउनुपर्ने माग



**बिर्तामोड, असार ३१।** सुरक्षित मापण्ड अप्नाएर होटल व्यवसाय सञ्चलन गर्न पाउनुपर्ने माग गर्दै होटल व्यवसायी संघ झापाले स्थानीय तहमा ज्ञापन पत्र बुझाएको छ।

लामो समयदेखि भएको लकडाउनको असरबाट होटल व्यवसायीको ठूलो क्षति भएको हुँदा राज्यसँग पटक-पटक विभिन्न समस्याको विषयमा मागहरु राख्दै आएपनि कुनै पनि समस्या तथा मागहरुको विषयमा राज्यबाट सहयोग नभएको भन्दै अब चुप लागेर नबस्ने अध्यक्ष इन्दिरा श्रेष्ठले बताइन्।

व्यवसायी पनि कोरोना भाइरसको संक्रमणबाट बच्न र ग्राहाकहरुलाई समेत उच्च सावधानी र विधिबाट होटल सञ्चालन गर्न पाउनुपर्ने माग राख्दै झापाका सबै क्षेत्रीय शाखाहरु र जिल्ला समितिबाट समेत व्यवसायी खोल्ने माग राख्दै, सबै तहका स्थानीय सरकार सबै नगरपालिका, गाउँपालिकामा ज्ञापनपत्र बुझाउने काम भइरहेको अध्यक्ष श्रेष्ठले बताइन्। विभिन्न सात बुँदे मागहरुसहित ज्ञापन पत्र बझाउन थालिएको बताइएको छ।

चर महिनासम्म बन्द रहेको व्यवसायीसँग सरकारले कर लिने, घरधनीले भाडाको तागेता गर्ने, बैंकले किस्ता र ब्याजको ताकेता गरिरहँदा पनि स्थानीय सरकार वा राज्यबाट व्यवसायीको बीच समस्यामा राज्यले चासो नदिएको भन्दै व्यवसायीहरु अब होटल बन्द गरेर बस्ने पक्षमा नरहेको होटल व्यवसायीहरुले चेतावनी दिएका छन्।

यसैबीच बिर्तामोड नगरपालिकाका कार्यकारी अधिकृत पशुपति खतिवडालाई ज्ञापन पत्र बुझाउँदै होटल ब्यवसायी संघले लकडाउनको अवधिभरको पूर्ण रुपमा भाडा छुट हुनुपर्ने र छ महिनासम्म ५० प्रतिशत छुटको व्यवस्था गरिनुपर्ने, वित्तीय संस्थाको ब्याज मिनाह तथा ऋण भुक्तानी गर्नुपर्ने समय बढाउनुपर्ने, लकडाउनको अवधिमा कुनै पनि वित्तिय संस्थाको किस्ता तिर्न नसक्ने, बिजुली र पानीमा न्यूनतम् शुल्क मात्रै लिनुपर्ने, व्यवसायलाई धितोमा राखेर सहुल्यतमा ऋण उपलब्ध सरकारले गराउनुपर्ने, कर छुट हुनुपर्ने लगायतका सात बुँदे मागहरु रहेको बताइएको छ। आफ्ना मागहरु सबै स्थानीय तहमा ज्ञापन पत्र मार्फत बुझाउन शुरु गरेको अध्यक्ष श्रेष्ठले बताइन्।

अब होटल व्यवसायीले आफै सुरक्षा अपनाई व्यवसायी सञ्चालन गर्ने निर्णयमा पुगेको महासचिव शिवराज पौड्यालले जानकारी दिए। झापामा दुई हजार पाँच सयभन्दा बढी होटल-लज र रेस्टुरेण्ट, चार हजारभन्दा बढी मझौला तथा साना होटल रहेको बताइएको छ।

# अवैध सामान बरामद



**बिर्तामोड, असार ३१।** इलाका प्रहरी कार्यालय अनारमनीले लाखौं मूल्य बराबरका अवैध सामान बरामद गरेको छ।

भारतबाट लुकीछिपि नेपाल भित्र्याइएको भन्सार छलिका सामान पक्राउ गरेर मेची भन्सार कार्यालय कांकरभिट्टामा बुझाएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायब उपरीक्षक मुकन्द रिजालले जानकारी दिए।

भारतबाट अवैध रुपमा भन्सार राजश्व छली गरेर ल्याइएको चिनी, यूरिया मल, सुर्ती, खाने तेल, खैनी, विडी लगायतका सामानहरु पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बिर्तामोडका विभिन्न स्थानबाट पक्राउ गरिएको डीएसपी रजालले जानकारी दिए।

एक लाख ८० हजार मूल्य बराबरको सामानहरु मेची भन्सार कार्यालय काँकरभिट्टामा बुधबार बुझाइएको बताइएको छ। लकडाउनका समयमा पनि अवैध रुपमा सामनाहरु भित्रने सूचना पाएसँगै बिर्तामोड प्रहरीले निगरानी बढाएको थियो।

## विवाहको आश्वासन दिएर बलात्कार गरेपछि...

**झापा, असार ३१।** पर्वतको कुश्मा बजारमा बालिका बलात्कारको आरोप लागेका दुई युवा पुर्पक्षका लागि थुनामा परेका छन्।

कुश्मामा भएका छुट्टाछुट्टै घटनाका दुबै आरोपित पर्वत जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा परेका हुन्। थुनामा पर्नेमा सिन्धुपाल्चोक जिल्लाको चौतारा नगरपालिका-८ बस्ने २१ वर्षीय टेकबहादुर श्रेष्ठ र बर्दिया जिल्लाको गुलरिया नगरपालिका-२ पण्डितपुरका २७ वर्षीय टेकबहादुर खड्का रहेका छन्।

श्रेष्ठलाई कुस्माबजारकी एक १५ वर्षीया बालिकालाई विवाहको आश्वासन दिएर बलात्कार गरी गर्भवती समेत बनाएको आरोपमा यही असार १९ गते पक्राउ गरिएको थियो भने खड्कालाई पनि कुश्मा बजारको एक होटलमा ल्याई १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा यही असार १७ गते गिरफ्तार गरिएको थियो।

श्रेष्ठले फेसबुकबाट चिनजान भएकी बालिकालाई विवाहको प्रलोभनमा पारेर गत पुस २ गते कुश्मा बजारमा रहेको आफ्नो कोठामा बलात्कार गरेको भनी पीडितले असार १९ गते प्रहरीमा उजुरी दिएकी थिइन्। पिडीत बालिका छ महिनाको गर्भ रहेको पाइएको छ।

यस्तै खड्कामाथि कुश्मा बजारस्थित एक होटलमा बलात्कार गरेको आरोप लागेको छ। उनीमाथि पनि विवाह गर्ने आश्वासनसहित होटलमा चार दिनसम्म राखेर बलात्कार गरेको आरोप छ। आरोपित खड्का ट्याक्टर चालक हुन्।


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड**
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।

**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**
**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

**वर्गीकृत विज्ञापन**

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पारिवारिक असमझदारीले काममा अप्ठ्यारो पर्न सक्छ। बेसुरमा काम गर्ने बानीले मेहनत खेर जानेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ। अद्यावधिक ज्ञान अभावले पनि काममा पछि परिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ। दिगो योजनामा अघि बढ्दा साँझदेखि लाभ मिल्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ काममा हात हाल्ने समय छ। सानो प्रयत्नले पनि ठूलो काम बन्न सक्छ। व्यावसायिक काममा मनग्गे लाभ हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रशस्त धन आर्जन गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदाको योग छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रतिस्पर्धी परास्त हुनाले कामको बाधा समाप्त हुनेछ। विश्वास गरेका व्यक्तिबाट भने धोका हुन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बोलीको प्रभाव बढ्नुका साथै अभिव्यक्ति कलामा निखारता आउनेछ। चिताएको काम सम्पादन हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पहिलेका कमजोरीलाई सुधार्ने मौका छ। मेहनतले सम्मानित स्थान दिलाउनेछ। मानसम्मान प्राप्त हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सम्पादित कामबाट धन लाभ हुनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम गर्ने समय छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** काममा सहयोगीहरूले उत्साह जगाउनेछन्। मेहनतको परिणामले आत्मविश्वास बढाउनेछ। काममा उत्साह जगाउनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ। आकर्षक उपहारका साथ विशेष अवसर प्राप्त हुन सक्छ। रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर, अरूको भरपर्दा साँझतिर काम बिग्रन सक्छ।